आज मिति २०७७।१०।२१ गतेका दिन यस बाणङ्गा नगरपालिकाका नगर प्रमुख श्री मंगल प्रसाद थारुज्यूको अध्यक्षतामा बाणगंगा नगर कार्यापालिकाको बैठक बसि निम्नानुसारको प्रस्तावहरुमाथी छलफल गरि निर्णय गर्न तपसिलका पदाधिकारीहरुको उपस्थिति रहयो ।

| क्र.सं. | नामथर | पद | दस्तखत |
|---|---|---|---|
| १. | मंगल प्रसाद थारु | नगर प्रमुख | |
| २. | चक्रपाणी अर्याल | उप नगर प्रमुख | |
| ३. | बाल कुमारी पन्त | वडाध्यक्ष | |
| ४. | विष्णु प्रसाद पौडेल | वडाध्यक्ष | |
| ५. | सन्तराम रौतार थारु | वडाध्यक्ष | |
| ६. | गणेश बहादुर क्षेत्री | वडाध्यक्ष | |
| ७. | भिष्मराज भुसाल | वडाध्यक्ष | |
| ८. | सुकदेव थारु | वडाध्यक्ष | |
| ९. | विष्णू गिरी | वडाध्यक्ष | |
| १०. | गुणानीधि भुसाल | वडाध्यक्ष | |
| ११. | धुव्र बेल्बासे | वडाध्यक्ष | |
| १२. | राम बिहारी चौधरी | वडाध्यक्ष | |
| १३. | सोमनाथ अर्याल | वडाध्यक्ष | |
| १४. | टिका कूमारी अधिकारी | सदस्य | |
| १५. | सरिता देवी ढकाल | सदस्य | |
| १६. | योगनाथ सुनार | सदस्य | |
| १७. | कृष्ण बहादुर वि.क. | सदस्य | |
| १८. | गिता भुसाल | सदस्य | |
| १९. | केशरा गुरुङ | सदस्य | |
| २०. | सावित्रा थारु | सदस्य | |
| २१. | पूर्णकला सुनार | सदस्य | |
| २२. | गेहेन्द्र बहादुर डाँगी | ~~सदस्य~~ सचिव | |

Scanned with CamScanner

**बाणगंगा नगरपालिका**

**नगर कार्यपालिकाको कार्यालय**

बाणगंगा, कपिलवस्तु

लुम्बिनी प्रदेश, नेपाल

**मिति: २०७७।१०।२१**

कार्यपालिका बैठकका प्रस्तावहरु-

१. बाणगंगा न.पा. अन्तर्गत मधुवनधाम क्षेत्रको नदीजन्यपदार्थको आय ठेक्का सम्बन्धमा ।

२. ठेक्का बन्दोबस्त गर्दा बचत भएको रकम सम्बन्धमा ।

३. तराई मधेस समृद्धि कार्यक्रमका लागि योजना छनौट गर्ने सम्बन्धमा ।

४. प्रादेशिक एवं स्थानीय सडक निर्माण तथा सुधार कार्यक्रमका लागि सडक पहिचान गरि पठाउने सम्बन्धमा ।

५. सडक बोर्डबाट चालु आ.व.०७७।७८ मा प्राप्त रकम खर्च गर्ने सम्बन्धमा ।

**निर्णय:**

**निर्णय नं. १**

यस बाणगंगा न.पा. अन्तर्गत रहेको राजमार्ग देखि उत्तर बाणगंगा नदीको मधवुनधाम क्षेत्रबाट ७५,९६८ घनमिटर नदीजन्य पदार्थ उत्खन्न एवं संकलन गरि निकासी गर्नको लागि न्यूनतम अंक रु. २ करोड १४ लाख ५९ हजार २ सय ९९ कायम राखि मिति २०७७।०८।२९ मा e-bidding मार्फत बोलपत्रको सूचना आह्वान गरेकोमा तोकिएको मिति भित्र रीतपूर्वक दर्ता हुन आएका बोलपत्रहरु मध्ये सबैभन्दा बढी रु. ४ करोड ५७ लाख ७७ हजार ७ सय ७७ (भ्याट बाहेक) बोलकबोल गर्ने दीपिका निर्माण सेवा (प्रो.शोभाखर पौडेल), बाणगंगा न.पा.-८, को बोलपत्र मिति २०७७।१०।१८ को निर्णयानुसार स्वीकृत गरि मिति २०७७।१०।१८ मा सम्झौताको लागि पत्राचार गरेकोमा दीपिका निर्माण सेवा (प्रो.शोभाखर पौडेल) ले आफ्नै व्यक्तिगत समस्याका कारणले मेरो सम्झौता रद्द गरी नियमानुसार प्रक्रिया अगाडी बढाई दिनुहुन अनुरोध गर्दै मिति २०७७।१०।१९ मा निवेदन दर्ता गराएका हुँदा लुम्बिनी प्रदेशको नदीजन्य पदार्थ व्यवस्थापन कार्यविधि, २०७५ को दफा ९(१) बमोजिम तोकिएको म्याद भित्र रकम दाखिला नगरेमा निजका नामको धरौटी जफत गरि क्रमश: दोस्रो र तेस्रो कबोलदातालाई रकम सहित सम्झौताका लागि आह्वान गर्नुपर्नेछ भनि उल्लेख भएको हुँदा पहिलो बोलकबोल गर्ने दीपिका निर्माण सेवा सम्झौता गर्न नआएको हुँदा निजले बोलकबोल गरेको रकमको ५ % ले हुन आउने रु.२२ लाख ८८ हजार ८ सय ८९ धरौटी रकम जफत गरी संचित कोषमा आम्दानी बाँध्ने र निज पछिको दोस्रो बोलकबोल गर्ने शिवम बिल्डर्स (प्रो. सुभास पाण्डे), पोखरा उप.म.न.पा.-११, कास्कीले कबोल गरेको रकम रु. ४ करोड ३ लाख १ सय १( भ्याट बाहेकको) रकम यस कार्यालयबाट तोकिएको न्यूनतम अंक भन्दा रु. १ करोड ८८ लाख ४० हजार ८ सय २ ले बढी बोलकबोल गरेको हुँदा निजको बोलपत्र स्वीकृत गरि सम्झौताको प्रक्रिया अगाडी बढाउने ।

**निर्णय नं. २**

सातौं नगरसभाबाट स्वीकृत आन्तरिक स्रोतबाट खर्च ब्यहोर्ने गरि संचालित योजनाहरु ठेक्का बन्दोबस्त गर्दा रु. ५ लाख भन्दा बढी रकम बांकी रहन गएको भए उक्त संचालित योजनामा खर्च हुने अवस्था देखिएमा सो रकम सोही योजनामा नै खर्च हुने गरि पुन: ठेक्का बन्दोबस्त गर्ने ।

**निर्णय नं. ३**

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय (तराई मधेस संमृद्धि कार्यक्रम) , केन्द्रीय समन्वय ईकाईको मिति २०७७।०९।२८ को आयोजना/ कार्यक्रम माग/ प्रस्ताव पेश गर्ने सम्बन्धी सूचना अनुसार तराई मधेस समृद्धि कार्यक्रम संचालन कार्यविधिमा तोकिएको शर्त बमोजिम योजना संचालनका लागि तपसिल बमोजिमका योजनाहरु छनौटका लागि सम्बन्धित निकायमा प्रस्ताव पेश गर्ने ।

**तपसिल:**

१. झुँगा चोक देखि तल्लो झुँगाहुँदै कालाबन्जार जोड्ने सडक कालोपत्रे - १ करोड १४ लाख मात्र ।

२. बिसनपुर चोक देखि पुरानो डिही जोड्ने सडक कालोपत्रे - १ करोड २७ लाख मात्र ।

३. कपिलधाम पर्यटन व्यवस्थापनका लागि पार्क निर्माण - १ करोड ९ लाख मात्र ।

Scanned with CamScanner

**निर्णय नं. ४**

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय (योजना तथा अनुगमन शाखा) को च.नं. २६२ मिति २०७७।१०।२१ को पत्रसाथ संलग्न सडक पहिचान गरि पठाउने सूचना बमोजिम प्रादेशिक एवं स्थानीय सडक निर्माण तथा सुधार कार्यक्रम अर्न्तगतको योजना संचालनका लागि महेन्द्र राजमार्ग देखि बुद्ध रंगशाला हुँदै नगर कार्यपालिकाको भवनसम्म जोड्ने सडक कालोपत्रेका लागि योजना माग गर्ने।

**निर्णय नं. ५**

यस बाणगंगा नगरपालिकाको लागि सडक बोर्डबाट चालु आ.व. ०७७।७८ मा प्राप्त बजेटको कार्यान्वयनको लागि मिति २०७७।०९।२७ को कार्यपालिकाको निर्णयबाट छनौट भएका सडकमा पुरै रकम खर्च गर्न सक्ने अवस्था नदेखिएकोले निम्नानुसारका थप सडकहरु मर्मत सम्भारको लागि छनौट गर्ने।

**तपसिल:**

१. पिपरा देखि गोबडिहवा सडक
२. बुङ्ची देखि कोपवा बजार सडक
३. भर्लावास देखि भर्तापुर सडक

Scanned with CamScanner